# सुन्तलाजात बगैंचा सुदृढीकरण कार्यक्रम सञ्चालन कार्यविधि
# २०७५

प्रदेश सरकार

भूमि व्यस्था, कृषि तथा सहकारी मन्त्रालय

## कृषि विकास निर्देशनालय

मालेपाटन, पोखरा

गण्डकी प्रदेश

# सुन्तलाजात बगैंचा सुदृढीकरण कार्यक्रम सञ्चालन कार्यविधि २०७५

**प्रस्तावना**

सुन्तलाजात फलफूल गण्डकी प्रदेशको प्रमुख विशेषता भएको फलफूल हो । सुन्तलाजात फलफूलको खेती मुख्य गरेर गरिब तथा मध्यम परिवारका कृषकहरूको आयआर्जनको प्रमुख स्रोत मानिएको छ । तर विगत केही वर्षहरूदेखि सुन्तालाजात फलफूल बगैंचाहरूमा देखा परेको ह्रास रोगको समस्याले उत्पादन घटिरहेको, उत्पादित फलको गुणस्तरमा कमी आएकोले कृषकहरू बीच सुन्तलाजात फलफूलको खेतीप्रतिको आकर्षण घटेको देखिन्छ । विशेष गरेर बगैंचाको व्यवस्थापनको कमीले गर्दा रोगको प्रकोप बढेको र उत्पादनमा ह्रास आएको कारणले यस्तो अवस्था सिर्जना भएको मानिन्छ ।

सुन्तलाजात फलको बगानमा मुख्यतया ग्रिनिङ, ट्रिस्टेजा र फाइटोप्थरा आदिको सङ्क्रामक रोगले आक्रमण गर्दछन् । बगैंचा स्थापना भएको स्थानको भौगोलिक विशेषता, स्याहार-सम्भार, मलजल, रोग कीरा आदिको राम्रो व्यवस्थापन नगरेको कारणबाट देखापर्ने यस्ता समस्याहरूले गर्दा नै सुन्तालाजात फलफूलको बगैंचा मासिएर गइरहेको छ । सुन्तलाजात फलफूलको बगैंचा ह्रासको समस्या समधान गर्न र बगैंचा सुदृढीकरण अभियान कार्यक्रम सञ्चालन गर्ने सन्दर्भमा आ.व. २०७५/७६ को लागि सङ्घबाट ससर्त अनुदान प्राप्त सुन्तलाजात बगैंचा सुदृढीकरण कार्यक्रम सञ्चालनलाई पारदर्शी र प्रभावकारी बनाउनको लागि कार्यविधि बनाइ कार्यक्रम सञ्चालन गर्न वान्छनीय भएकोले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यविधि तयार गरी लागू गरेकोछ।

## परिच्छेद १

### १. संक्षिप्त नाम र प्रारम्भः

क) यो कार्यविधिको नाम **सुन्तलाजात बगैंचा सुदृढीकरण कार्यक्रम सञ्चालन कार्यविधि २०७५** रहेकोछ ।

ख) यो कार्यविधि प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

### २. कार्यविधि लागू हुने क्षेत्र

यो कार्यविधि गण्डकी प्रदेशभर लागू हुनेछ ।

**३. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

क) **"सुन्तलाजात बगैंचा सुदृढीकरण कार्यक्रम"** भन्नाले रोग कीराबाट बढी क्षति भएको बोट हटाइ नयाँ गुणस्तरीय बिरुवाबाट बगान बिस्तार गर्ने, फल दिने बोट काँटछाँट गर्ने, मलजल तथा रोगकीरा व्यवस्थापन गर्ने कार्यक्रमलाई सम्झनुपर्दछ ।

ख) **"व्यवस्थापन कमी"** भन्नाले सुन्तलाजात फलफूलमा काँटछाँट, मलजल, सूक्ष्मखाद्य तत्वको कमी, रोग कीराको आक्रमण, जलवायु परिवर्तन, गुणस्तरहीन बिज तथा कलमी बिरुवाको अव्यवस्थित प्रयोगलाई वा सही तरिकाले बगैंचाको व्यवस्थापन नगर्नुलाई जनाउँछ ।

ग) **"खेती"** भन्नाले सुन्तालाजात फलफूल खेतीलाई सम्झनुपर्दछ ।

घ) **“मन्त्रालय”** भन्नाले गण्डकी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनुपर्दछ ।

ङ) **"निर्देशनालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत कृषि विकास निर्देशनालय सम्झनुपर्दछ ।

च) **“कृषि ज्ञान केन्द्र”** भन्नाले कृषि विकास निर्देशनालय अन्तर्गत जिल्लास्थित कृषि प्रविधि तथा प्रसार सेवा उपलब्ध गराउने निकाय भन्ने सम्झनुपर्दछ ।

छ) **"रोगमुक्त बिरुवा"** भन्नाले परीक्षण गरी रोग मुक्त भएको रुटस्टक, सायन र कलमी गरिएको बिरुवा सम्झनुपर्दछ ।

ज) **"बडउड सर्टिफिकेसन"** भन्नाले कलमी गर्न आवश्यक माउ बोट, सायनलाई रोग मुक्त तरिकाले संरक्षण गर्ने विधि सम्झनुपर्दछ ।

झ) **"सम्बन्धित निकाय"** भन्नाले सुन्तलाजात बगैंचा सुदृढीकरण कार्यक्रम सञ्चालन गर्ने कार्यालय भन्ने सम्झनुपर्दछ।

**४. कार्यक्रमको उद्देश्य**

क) व्यवस्थापकीय कमीले गर्दा वर्षेनी ह्रास हुँदै गएका बगैंचाको सुधार गरी व्यावसायिक उत्पादन प्रवर्द्धन सहयोग पुर्याउने ।

ख) सुन्तलाजात फलफूल उत्पादनको व्यवसायिक प्रवर्द्धन मार्फत आयात प्रतिस्थापन गर्दै निर्यात प्रवर्द्धनमा सघाउ पुर्याउने ।

ग) उत्पादन परिमाण र उत्पादकत्वमा वृद्धि ल्याउनुको साथसाथै गुणस्तरमा पनि सुधार गर्नु ।

घ) बगैंचा व्यवस्थापनको लागि स्थानीयस्तरमा सीपयुक्त स्रोत व्यक्ति तयार गराउने ।

ङ) उच्च गुणस्तरीय बेर्नाको उत्पादन गरी रोगमुक्त पकेट क्षेत्रको पहिचान गरी खेती बिस्तार गर्ने ।

च) कृषक समूह सहकारीको क्षमता वृद्धि भई कृषकहरूको आयस्तरमा सुधार ल्याउन मद्दत पुर्याउने ।

## परिच्छेद २

## कार्यक्रम सञ्चालन विधि

### ५. सूचना प्रकाशन तथा प्रस्ताव आह्वान

क) सुन्तलाजात बगैंचा ह्रास भएका गण्डकी प्रदेशका जिल्लाहरूमा बगैंचा सुदृढीकरण गर्न सहयोग उपलब्ध गराउने उद्देश्यले केन्द्रले ३० दिनको म्याद राखी राष्ट्रिय दैनिक पत्रिकामा प्रस्ताव आह्वान गरी सूचना प्रकाशन गर्नेछ । प्रकाशित सूचना लगायतका अन्य आवश्यक कागजातहरू केन्द्रको वेवसाइटपनि राख्ने व्यवस्था गर्नेछ । प्रेसित सूचनाको व्यापक प्रचार-प्रसारका लागि स्थानीय निकायका सबै कार्यालयहरूमा सूचना टाँस्ने व्यवस्था हुनेछ ।

ख) सूचना प्रकाशन भए बमोजिम कृषक/समूह/सहकारी/कृषि फार्म आदिले उल्लेखित सबै कागजात संलग्न गरी अनुसूची-२ बमोजिमको निवेदनको ढाँचामा आवेदन प्रस्ताव पेश गर्नुपर्नेछ।

### ६. आवेदन दिन आवश्यक योग्यता

क) कृषक, कृषि फर्म, समूह, सहकारी वा संस्थाले प्रचलित ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि ।

ख) सम्बन्धित स्थानीय तहको कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस-पत्र ।

ग) समूह वा संस्थाको हकमा कार्य समितिको बैठकले बगैंचा सुदृढीकरण सहयोग कार्यक्रम माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि ।

घ) आवेदकले आफूले सञ्चालन गर्दै आएको सुन्तलाजात फलफूल खेतीको अनुसूची-३ बमोजिमको प्रस्ताव विवरण ।

ङ) बगैंचा सुदृढीकरण कार्यक्रम सञ्चालन गर्न सम्बन्धित विशेषज्ञ/प्राविधिकबाट सम्भाव्यता अध्ययन सम्पन्न गरेको र सम्भाव्य देखिएको अध्ययन प्रतिवेदन ।

च) घटीमा १५ वर्षसम्म सुन्तलाजात फलफूल खेती व्यवसाय सञ्चालन गर्ने प्रतिबद्धता-पत्र ।

### ७. प्रस्ताव वा कार्यक्रम छनौट समिति गठन र सञ्चालन व्यवस्था

| | |
|---|---|
| (क) कृषि ज्ञान केन्द्रको जेष्ठ अधिकृत | - अध्यक्ष |
| (ख) बाली संरक्षण अधिकृत | - सदस्य |
| (ग) कृषि प्रसार अधिकृत | - सदस्य |
| (घ) बागवानी फर्म/केन्द्र भएको जिल्लाको हकमा केन्द्र प्रमुख | - सदस्य |

(ङ) बागवानी विकास अधिकृत - सदस्य सचिब

समितिले आवश्यकता अनुसार बढीमा २ जनासम्म विषय विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ । उपरोक्त समिति गठनका लागि उल्लेख भए बमोजिमको अधिकृत उपलब्ध नभएमा वा रिक्त भएमा कार्यालयमा भएका विषय सम्बन्धित कृषि प्राविधिक राखी समिति गठन गर्न सकिनेछ ।

**८. समितिको काम, कर्तव्य र अधिकार**

क) यस कार्यविधिको मूल्याङ्कनका आधारमा प्रस्ताव मूल्याङ्कन गर्ने ।

ख) मूल्याङ्कन बमोजिम योग्यताक्रम अनुरूप स्वीकृत बजेटको परिधिभित्र कति वटा ठाँउमा कार्यक्रम वा सहयोग उपलब्ध गराउन सकिन्छ सोको यकिन गर्ने ।

ग) सुन्तला बगैंचा रोग खाद्यतत्व वा सिँचाइ के-को कारणले ह्रास भएको हो यकिन गरी सुदृढीकरण कार्यक्रम अघि बढाउने ।

घ) बगैंचा सुदृढीकरण कार्यक्रमको लागि किस्ता निकासा गर्न सिफारिस गर्ने ।

ङ) बगैंचा सुदृढीकरण कार्यक्रमको अनुगमन गर्ने ।

च) अनुदानग्राहीलाई कार्यक्रम सञ्चालनको क्रममा आवश्यक मार्गदर्शन दिने।

छ) अनुदान रकमको हिसाब नगर्ने वा सदुपयोग नगर्ने अनुदानग्राहीलाई कारवाहीका लागि सिफारिस गर्ने।

ज) मूल्याङ्कन सम्बन्धी आवश्यक अन्य काम गर्ने ।

## परिच्छेद ३

**९. अनुदान रकम स्वीकृति र सम्झौता**

क) सुन्तलाजात बगैंचा सुदृढीकरण कार्यक्रम सञ्चालन गर्न सम्झौता बमोजिम केन्द्रबाट आवश्यकता अनुसारको अनुदानको रकम वा उत्पादन सामग्रीहरू उपलब्ध गराइनेछ । उक्त कार्यक्रमका लागि अनुदान उपलब्ध गराउँदा स्वीकृत कार्यक्रम तथा बजेटको सीमाभित्र रही प्रदान गरिनेछ । एउटा प्रस्तावको लागि अधिकतम रु १० लाख वा सो बराबरको उत्पादन सामग्री उपलब्ध गराउन सकिने छ । तथापि अनुदान सहयोग प्रति हेक्टर अधिकतम १ लाखसम्म हुन सक्नेछ।

ख) दफा (क) मा उल्लेख गरिए बमोजिम सुन्तलाजात बगैंचा सुदृढीकरण कार्यक्रम सञ्चालनका लागि कुल प्रस्तावमा पेश भएको इष्टिमेटको अधिकतम ७० प्रतिशतसम्म अनुदान उपलब्ध गराइनेछ।

ग) निवेदक संस्थाले आफूले व्यहोर्ने वा लगानी गर्ने रकमको प्रतिबद्धता-पत्र पेश भएपछि मात्र अनुदान उपलब्ध गराइनेछ ।

घ) अनुदान प्राप्त हुने रकमको अधिकतम ३ (तीन) प्रतिशत रकम कन्टिन्जेन्सी बापत राखिनेछ र सो रकम सूचना प्रकाशन, स्टेशनरी, अनुगमन, प्रस्ताव मूल्याङ्कन जस्ता प्रशासनिक कार्यमा खर्च गरिनेछ।

ङ) दफा ५ अनुसार आह्वान गरिएको सूचनाको लागि दफा ६ बमोजिम आवश्यक योग्यता पुगी पेश हुन आएका प्रस्तावहरूलाई दफा ७ (क) बमोजिमको समितिले प्रारम्भिक वा आवश्यकता अनुसार विस्तृत मूल्याङ्कन गरी मापदण्ड बमोजिम छनौट गर्नेछ ।

## परिच्छेद ४

## अनुदान रकम उपलब्ध गराउने र खर्च गर्ने विधि

### १०. अनुदान प्रवाह विधि

क) आवेदकले अनुदान रकमको किस्ता प्राप्त गर्न स्वीकृत कार्ययोजना अनुसारका सुन्तलाजात बगैंचा सुदृढीकरण गर्दा भएको खर्चको बिल, भर्पाइ र प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ । किस्ता भुक्तानी गर्दा छनौट तथा मूल्याङ्कन समितिको मूल्याङ्कन तथा स्थलगत अनुगमन रिपोर्ट सहितको सिफारिसको आधारमा एकाउन्ट पेयी चेकबाट बढीमा २ किस्तामा सम्झौता बमोजिमको रकम वा उत्पादन सामग्री उपलब्ध गराइनेछ ।

ख) यस कार्यविधि बमोजिम उपलब्ध हुने अनुदान सम्बन्धी अभिलेख सम्बन्धित केन्द्रले राख्नु पर्नेछ र सोको प्रगति विवरण माथिल्लो निकायमा पठाउनु पर्नेछ ।

### ११. अनुदानग्राहीले पालना गर्नुपर्ने सर्तहरू

क) अनुदानग्राहीले यस कार्यविधि अनुसार सञ्चालन हुने वा भएको कामको विस्तृत विवरण, कुल लागत, सहयोग उपलब्ध गराउने संस्था, काम सम्पन्न हुने अवधि इत्यादिको होर्डिङ्बोर्ड निर्माण स्थलमा राख्ने व्यवस्था गर्नुपर्नेछ ।

ख) अनुदानग्राहीले आफूले सञ्चालन गरेको कार्यक्रमको सार्वजनिक सुनुवाइ गर्नुपर्नेछ । सार्वजनिक सुनुवाइमा आफूले प्राप्त गरेको रकमको विवरण, सञ्चालन गरिएका कार्यक्रमको विवरण र प्राप्त भएको प्रगति तथा उपलब्धिहरूको जानकारी गराउनुपर्नेछ

ग) सुन्तलाजात बगैंचा सुदृढीकरण कार्यक्रमका लागि अनुदान प्राप्त गरेपश्चात तोकिएको प्राविधिकबाट सम्पन्न कामको निरीक्षण गराइ बिल भुक्तानीको लागि पेश गर्नुपर्नेछ ।

घ) कार्यक्रम सञ्चालन गर्ने कृषकले सम्बन्धित केन्द्रले दिएको निर्देशन वा सुझाब मान्नु पर्नेछ ।

ङ) सम्बन्धित केन्द्रले चाहेमा क्रियाकलाप सञ्चालन तथा सो गर्ने क्रममा भएको खर्चको हिसाब किताब हेर्न सक्नेछ । कार्य प्रगति तथा खर्चको हिसाब देखाउने सम्बन्धित अनुदानग्राहीको दायित्व हुनेछ ।

## परिच्छेद ५
## अनुगमन तथा मूल्याङ्कन व्यवस्था

### १२. अनुगमन तथा मूल्याङ्कन

क) बगैंचा सुदृढीकरण कार्यक्रम र सोको प्रभावकारिताको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, निर्देशनालय, केन्द्र र प्राविधिक तथा मूल्याङ्कन समितिले संयुक्त वा आवश्यकता अनुसार छुट्टा-छुट्टै पनि गर्नेछन् ।

ख) अनुगमन निरीक्षणको प्रतिवेदन केन्द्रले हरेक चार महिनामा एक पटक कृषि विकास निर्देशनालयमा पेश गर्नुपर्नेछ।

ग) मन्त्रालय र निर्देशनालयले यस कार्यक्रमको अनुगमन निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ।

घ) उपदफा (ग) बमोजिमको निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ ।

ङ) प्रगति प्रतिवेदनलाई विश्लेषणात्मक प्रतिक्रिया सहित निर्देशनालय पठाउनु पर्नेछ ।

## परिच्छेद ६
## विवध

### १३. अनुदान रकमको दुरूपयोग सम्बन्धमा

क) सम्झौता अनुरूप काम नगर्ने अनुदानग्राही वा उद्यमीलाई छनौट समितिले अनुदान रकम रोक्का राख्न सक्नेछ।

ख) यस कार्यविधि बमोजिम अनुदान रकम लिई दुरूपयोग गरेको पाइएमा वा रकमको हिसाब नबुझाएमा त्यस्ता अनुदानग्राहीलाई प्रचलित ऐन नियम बमोजिम कारवाही गरी असुल उपर गरिनेछ।

### १४. बाधा अड्चन निरूपण

क) यस कार्यविधि कार्यान्वयनमा केही बाधा व्यवधान आइपरेमा वा विवाद उत्पन्न भएमा सोको निरूपण छनौट समितिको सिफारिसमा केन्द्र प्रमुखले गर्नेछ ।

### १५. संशोधन तथा परिमार्जन

क) यो कार्यविधिमा केही कुरा संशोधन वा परिमार्जन गर्न परेमा निर्देशनालयको सिफारिसमा मन्त्रालयले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

**१६. प्रचलित कानुन बमोजिम हुने**

यस कार्यविधिमा उल्लेख भएका विषयहरू यसै बमोजिम र अन्य व्यवस्थाहरूको हकमा प्रचलित ऐन र कानुन बमोजिम हुनेछ ।

## अनुसूची १

## सुन्तलाजात बगैंचा सुदृढीकरण कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आह्वान सूचना

**सूचना ।। सूचना ।। सूचना ।।**

यस ......को आ.व ...... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **सुन्तलाजात बगैंचा सुदृढीकरण कार्यक्रम सञ्चालनका** लागि अनुदान सहयोगको कार्यक्रम रहेको हुँदा इच्छुक दिने कृषक वा कृषक समूह वा सहकारी संस्था वा सार्वजनिक संस्था वा गैर-सरकारी संस्था वा निजी कम्पनीहरूबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिनभित्र यस कार्यालयमा तोकिएको ढाँचामा (अनुसूची २) अनुसारको कागजातहरू संलग्न राखी आवेदन आह्वान गरिन्छ । प्रस्ताव बुझाउनका लागि थप जानकारीका लागि .................. सम्पर्क राख्नु हुन अनुरोध छ ।

## अनुसूची २

## सुन्तलाजात बगैंचा सुदृढीकरण कार्यक्रम सञ्चालनका लागि अनुदान सहयोग मागका लागि आवेदन फाराम

श्रीमान् ..............................

.................................

मेरो/हाम्रो ........................ दिने कृषक, कृषक समूह, सहकारी संस्था, सार्वजनिक संस्था, गैरसरकारी संस्था, निजी कम्पनीबाट .................. जिल्ला, ........................ म.न.पा./उप-म.न.पा./न.पा./गा.पा., वडा नं .................. अन्तर्गत ................स्थानमा **सुन्तलाजात बगैंचा सुदृढीकरण** गर्ने लक्ष्य रहेकोले सोका लागि कुल लागत अनुमान रु.................मध्ये रु .................. मेरो/हाम्रो आफ्नै तर्फबाट व्यहोरी बाँकी रकम रु........................अनुदान पाउने व्यवस्थाका लागि तपसिल बमोजिमका कागजात संलग्न राखी यो निवेदन पेश गरेको छु/गरेका छौं ।

संलग्न कागजातहरू

१) रु. १० को टिकट टाँसेको अनुसूची २ अनुसारको आवेदन ।

२) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

३) सङ्घ/संस्था दर्ता तथा नवीकरण भएको प्रमाण-पत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर लिएको
प्रमाणको प्रतिलिपि, कर चुक्ता गरेको पत्रको प्रतिलिपि ।

४) म.न.पा./उप-म.न.पा./न.पा./गा.पा.को कृषि शाखाबाट कार्यक्रम सञ्चालन गरिने स्थान प्राविधिक रूपमा उपयुक्त रहेको व्यहोराको सिफारिस-पत्र ।

५) प्रस्तावित कार्यक्रम सञ्चालन गरिने स्थानको जग्गाको लालपुर्जाको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

६) निजी, फर्म/संस्था/कम्पनीले व्यहोर्नु पर्ने रकम नगद मौज्दात रहेको प्रमाण र लगानीको स्रोतको आधार ।

७) सडक बिजुली र पानीको स्रोतको आधिकारिक प्रमाण पुष्टि हुने कागजात ।

८) कार्ययोजनाको विवरण ।

*(नोटः माथि उल्लेखित कागजपत्र संलग्न नरहेको खण्डमा त्यस्ता प्रस्तावहरू मूल्याङ्कनको लागि अगाडि बढाइने छैन ।)*

निवेदक

संस्थाको छाप

## अनुसूची-३

## सुन्तलाजात बगैंचा सुदृढीकरण कार्यक्रम सञ्चालन कार्यको प्रस्तावको ढाँचा

**१ आवेदकको विवरण**

| | |
|---|---|
| आवेदक नाम | |
| पूर्ण ठेगाना (पत्राचारको लागि) | |
| यदि संस्था भए दर्ता भएको मिति | |
| स्थायी लेखा नम्बर | |
| संस्थाको मुख्य उद्देश्य | |
| प्रोपाइटरको वा अध्यक्षको नाम | |
| सम्पर्क मोबाइल नं. | |
| परियोजना स्थल (कार्य क्षेत्र) | |
| परियोजनाको नाम | |
| प्रस्तावित आयोजनाको कुल बजेट रु | |
| अनुदानग्राहीको तर्फबाट व्यहोर्ने रकम रु | |
| माग गरिएको अनुदान रकम रु | |
| स्थानीय निकाय वा गैर-सरकारीसंस्थाबाट अनुदान प्राप्त हुने भए सोको विवरण पनि उल्लेख गर्ने | |
| प्रस्तावना पेश गर्ने कार्यालयको नाम | |

**२. कार्यक्रम सञ्चालन गरिने स्थान र प्रमुख बजार वा मोटर बाटो बीचको दुरी**

**३. कार्यक्रम सञ्चालन गरिने स्थानमा उपलब्ध अन्य भौतिक सुविधाहरू (सडक, पानी, विद्युत आदि) उपलब्धताको बारेमा उल्लेख गर्ने ।**

**४. पहिला सुन्तलाजात बगैंचा सुदृढीकरण कार्यक्रम सञ्चालन भएको भए सोको विवरण उललेख गर्ने ।**

| क.सं. | कार्यक्रम विवरण | कार्यक्रमले ओगटेको क्षेत्रफल वा सङ्ख्या | वार्षिक उत्पादन | वार्षिक आम्दानी (रु.) | रोजगारी सिर्जना (सङ्ख्या) |
|---|---|---|---|---|---|
| | | | | | |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

**५. प्रस्तावित कार्यक्रमको औचित्य तथा महत्व**

**६. प्रस्तवित कार्यक्रमको अपेक्षित उपलब्धि**

उत्पादन क्षेत्रफल

वार्षिक उत्पादन

वार्षिक आम्दानी रु

सिर्जना हुने रोजगारी सङ्ख्या

**७. सुन्तलाजात बगैंचा सुदृढीकरण कार्यक्रम अन्तर्गत सञ्चालन हुने मुख्य-मुख्य क्रियाकलापहरू**

| **क.सं.** | **क्रियाकलाप विवरण** | **एकाइ** | **परिणाम** | **समापन गर्ने मिति** |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | |

**८. कार्यक्रम सञ्चालन अवधिः**

**९. खर्च विवरणः**

**क. स्थिर खर्चको विवरणः**

कृषि यन्त्र उपकरणहरू, सिँचाइको व्यवस्था, जग्गा भाडा आदि जस्तामा हुने खर्च समावेश गर्ने ।

| **क्र.सं.** | **क्रियाकलापहरूको विवरण** | **एकाइ** | **परिमाण** | **दर** | **जम्मा खर्च (रु.** |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

**ख. चालु खर्चको विवरण (एक वर्षको मात्र)**

बिरुवा, मल, विषादी, प्लाष्टिक आदिमा हुने खर्च ।

| **क्र.सं.** | **क्रियाकलापहरूको विवरण** | **एकाइ** | **परिमाण** | **दर** | **जम्मा खर्च (रु.)** |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| | | | | | |
| | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

**१०. प्रस्तावित कार्यक्रमको लागत विवरण**

**आफ्नो लगानी र माग गरिएको अनुदान रकम**

| क्र.सं. | विवरण | अनुदानग्राहीको लगानी (रु.) | माग गरिएको अनुदान (रु.) | स्थानीय निकाय वा अन्य संस्थाको लगानी (रु.) | जम्मा रकम (रु.) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

**११. अनुदान सहयोग पश्चात प्रस्तावित कार्यक्रमको निरन्तरताका आधारहरू उल्लेख गर्नुहोस् ।**

**१२. नयाँ सोंच केही भए उल्लेख गर्नुहोस्**

**प्रस्तावकको**

संस्थाका नाम

संस्थाको छापः

ठेगाना

दस्तखतः

मितिः

नोटः प्रस्तुत संक्षिप्त ढाँचाको आधारमा विस्तृत रूपमा प्रस्ताव तयार गरी पेश गर्नुपर्नेछ ।

## अनुसूची ४

## सुन्तलाजात बगैंचा सुदृढीकरण कार्यक्रम सञ्चालन प्रस्ताव मूल्याङ्कनका आधारहरू

| सि.नं. | विवरण | प्राप्त हुने अङ्क |
|---|---|---|
| १. | **सुन्तलाजात फलफूल बगैंचाको भौगौलिक उपयुक्तता** | **२५** |
| | (क) सुन्तलाजात फलफूल बगैंचा स्थापना भएको स्थानको भौगोलिक अवस्थिति, हावापानी उपयुक्त भएको | २५ |
| | (ख) सुन्तलाजात फलफूल बगैंचा स्थापना भएको स्थानको भौगोलिक अवस्थिति, हावापानी उपयुक्त नभएको | ० |
| २. | **सुन्तलाजात फलफूल बगैंचा सुदृढीकरण गर्ने स्थानमा आवश्यक पूर्वाधारको उपलब्धता** | **१५** |
| | (क) बाटो, बिजुली, पानीको सुविधा भएको | १५ |
| | (ख) बाटो, बिजुली, पानीको व्यवस्था सम्भव भएको | १० |
| | (ग) बाटो, बिजुली, पानीको पर्याप्त सुविधा नभएको | ० |
| ३. | **सुन्तलाजात फलफूल बगैंचा सुदृढीकरण गर्ने जग्गाको स्वामित्व** | **१५** |
| | (क) २ हेक्टर वा सोभन्दा बढी क्षेत्रफलको क्लष्टरमा जग्गाको स्वामित्व आफ्नै नाममा भएको | १५ |
| | (ख) २ हेक्टर वा सोभन्दा बढी क्षेत्रफलको क्लष्टरमा जग्गा १५ वर्ष भन्दा बढीको लागि भाडामा लिएको | १० |
| | (ग) २ हेक्टर वा सोभन्दा कम क्षेत्रफलको क्लष्टरमा जग्गाको स्वामित्व आफ्नै नाममा भएको | ५ |
| ४. | **सहभागितात्मक विकास/निर्माणको सम्भावना** | **१५** |
| | क) कृषक/ कृषक समूह/कृषक सहकारीले स्थापना गरेका बगैंचा | १५ |
| | (ख) कृषक समूह/कृषक सहकारीको सहभागितामा अन्य संस्था/कम्पनीले स्थापना गर्ने | १० |
| | (ग) अन्य संस्था/कम्पनीले स्थापना गरेको बगैंचा | ५ |
| ५. | **सुन्तलाजात फलफूल बगैंचा बिस्तारको सम्भाव्यता रहेको वा नरहेको** | **१५** |
| | (क) सुन्तलाजात फलफूल बगैंचा बिस्तारको सम्भाव्यता प्रशस्त रहेको | १५ |
| | (ख) सुन्तलाजात फलफूल बगैंचा बिस्तारको सम्भाव्यता रहेको | १० |
| | (ग) सुन्तलाजात फलफूल बगैंचा बिस्तारको सम्भाव्यता अलिअलि रहेको | ५ |
| ६. | **स्थानीय निकाय वा गैर-सरकारी संस्थाको सहभागिता** | **१५** |
| | (क) स्थानीय निकायको सहभागिता सुनिश्चित भएको | १० |
| | (ख) गैर-सरकारी संस्थाको सहभागिता सुनिश्चित भएको | ५ |
| | (ग) दुवैको सहभागिता नहुने | ० |
| | **जम्मा** | **१००** |

# अनुसूची ५
## प्रतिबद्धता-पत्र

...................को मिति................ मा प्रकाशित सूचना अनुसार **सुन्तलाजात बगैंचा सुदृढीकरण कार्यक्रमका** लागि अनुदान सहयोग प्राप्त गर्न इच्छुक भई सो कार्यक्रममा सहभागिताका लागि कार्य योजना सहितको आवेदन पेश गरेको छु/गरेका छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्य योजनामा उल्लेख भए बमोजिम कार्य गर्ने गरी घटिमा ................वर्षसम्म निरन्तरता दिनेछु/दिनेछौं । कार्ययोजना अनुसारको कार्य नगरेमा वा ...........वर्षभन्दा अगावै सो कार्यहरू बन्द गरेमा गण्डकी प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको अनुदान फिर्ता गर्नेछु/गर्नेछौं। अन्यथा प्रचलित ऐन कानुन बमोजिम सहुँला/बुझाउँला । साथै प्रस्तावित कार्यहरूका लागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको व्यहोरा समेत अनुरोध गर्दछु/गर्दछौं। इति संवत् २०७..........गते .............रोज मा शुभम् ।

नाम :

ठेगाना :

दस्तखत :

मिति:

संस्थाको छाप:

| दायाँ | बायाँ |
|---|---|
| | |

## अनुसूची- ६

## सम्झौता-पत्र

१. यो सम्झौता पत्र ....... (प्रथम पक्ष) र ....... (दोस्रो पक्ष) बीच **सुन्तलाजात बगैंचा सुदृढीकरण कार्यक्रम** लागि अनुदान कार्यक्रम सञ्चालनका लागि प्रयोग हुनेछ ।

२. सम्झौता भएको मितिदेखि यस सम्झौता प्रारम्भ भएको मानिनेछ ।

३. दोस्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरू सम्झौता भएको मितिले ....... दिनभित्र सुरु गर्नुपर्नेछ ।

४. **सुन्तलाजात बगैंचा सुदृढीकरण कार्यक्रम** सञ्चालनका लागि प्रथम पक्षले दोस्रो पक्षलाई आयोजनाको लागि स्वीकृत अनुदान रकम सम्झौता बमोजिम सम्पूर्ण काम सम्पन्न भएपछि सम्पूर्ण रकम एकमुष्ठ उपलब्ध गराउने छ ।

५. अनुदान प्राप्त हुने रकमको अधिकतम ३.० (तीन) प्रतिशत रकम कन्टिन्जेन्सी बापत पहिलो पक्षले सूचना प्रकाशन, स्टेशनरी, अनुगमन, प्रस्ताव मूल्याङ्कन जस्ता प्रशासनिक कार्यमा प्रयोग गर्नेछ।

६. स्वीकृत अनुदान रकम भुक्तानी दिंदा छनौट तथा मूल्याङ्कन समिति सिफारिसको आधारमा गरिनेछ । दोस्रो पक्षले कार्यक्रम सञ्चालन गर्दा छनौट तथा मूल्याङ्कन समितिको निर्देशन अनुसार कार्य गर्नुपर्नेछ ।

७. सम्झौता बमोजिम रकम भुक्तानी गर्ने सम्बन्धमा छनौट तथा मूल्याङ्कन समितिले मूल्याङ्कनका लागि लागत अनुसारको बिल सहित कार्य सम्पन्न प्रतिवेदन तयार गरी दोस्रो पक्षले प्रथम पक्षसँग अनुरोध गर्नुपर्नेछ र प्रथम पक्षले सम्पूर्ण प्रतिवेदन तथा बिलहरू प्राप्त भएको ....... दिनभित्र भुक्तानीको आवश्यक व्यवस्था मिलाउने छ ।

८. सुन्तलाजात बगैंचा सुदृढीकरण पश्चात अनिवार्य रूपमा बिमा गर्नुपर्नेछ।

९. सुन्तलाजात बगैंचा सुदृढीकरण भएपश्चात स्याहार सम्भारको जिम्मेवारी दोस्रो पक्षले लिनुपर्नेछ।

१० .दोस्रो पक्षले सम्झौता बमोजिमको कार्य सञ्चालन गरेपश्चात सार्वजनिक सुनुवाइ गर्नुपर्नेछ।

११. यस सम्झौता बमोजिम अनुदान प्राप्त गरी सुन्तलाजात फलफूल बालीमा उच्च घनत्व बगैंचा स्थापना गर्ने सिलसिलामा कुनै दुर्घटना वा भवितव्य हुन गइ जनघनको क्षति भएको खण्डमा सो घटनाको जिम्मेवारी दोस्रो पक्षबाट लिनु पर्नेछ ।

| | |
|---|---|
| .............................. | ................................. |
| प्रथम पक्षका तर्फबाट | दोस्रो पक्षका तर्फबाट |
| नामः | नाम : |
| पद: | पद : |

<u>साक्षीहरू</u>

## अनुसूची-७

### क. सञ्चालन हुने कार्यक्रम तथा प्रक्रिया तपसिल बमोजिम हुनेछ

| सि.नं | कार्यक्रम विवरण | रकम खर्च प्रक्रिया |
|---|---|---|
| १. | अनुदान र कृषक सहभागिता पहिलो वर्ष ७०:२०, दोस्रो वर्ष ५०:५० र तेस्रो वर्ष २५:७५ हुनेछ । | आवश्यक सामग्री खरिद मूल्यमा कार्यक्रम विवरण उल्लेख भए बमोजिम । |
| २. | ग्रिनिङ रोगबाट ग्रस्त बोट हटाइ नयाँ बिरुवा रोपण । | बोट हटाइ पुनःरोपण गरे बापत प्रति बोट रु. २०० । का दरले उपलब्ध गराइनेछ । |
| ३. | कृषक स्तरमा माउबोट संवर्द्धनका लागि जालीघर निर्माण १ गोटा, माउबोट संवर्द्धनका लागि दोस्रो रुटस्टक बिरुवा उत्पादनका लागि र तेस्रो कलमी तथा बिजु बिरुवा उत्पादनका लागि गरी जम्मा ३ गोटाको १ सेटका दरले निर्माण प्रक्रिया अघि बढाउदै जाने र सो घर निर्माणमा ७० प्रतिशत अनुदान दिने। | छनौट भएका व्यवसायिक निजी नर्सरीहरूमा इस्टिमेट दररेट अनुसार ।<br>माउबोट संवर्द्धनका लागि बनाइने जालीघरको उचाइ ४ मिटर लम्बाइ र चौडाइ जग्गाको उपलब्धता अनुसार फरक हुन सक्नेछ । |
| ४. | पि.सि.आर नमूना सङ्कलन/परीक्षण । | प्रति नमुना रु. २०००/- को दरले प्रयोगशाला परीक्षण खर्च । |
| ५. | पकेट क्षेत्र स्रोत व्यक्ति विकास तालिम (प्रदेश स्तर) | प्रशिक्षार्थी तथा प्रशिक्षक भत्ता स्वीकृत नर्म्स अनुसार र तालिमको प्याकेजमा आवश्यक अन्य सामग्रीहरू बजार दररेट अनुसार पूर्ण अनुदानमा |
| ६. | कृषक तालिम (जिल्ला स्तर) | स्वीकृत नर्म्स अनुसार । |
| ७. | जिल्ला स्तरबाट अनुगमन निरीक्षण | नियमानुसार |

## ख. कार्यक्रम सञ्चालन सम्बन्धी नर्म्स

यो कार्यक्रम सञ्चालनका लागि मौजुदा नर्म्समा देहाय बमोजिम हुने गरी प्रस्ताव गरिएको छ ।

### १. पूरानो बगैंचा व्यवस्थापन कार्यक्रम :

- पूरानो रोगग्रस्त बगैंचा (सामान्य रोग, मलजल र सिँचाइको कमीले क्षति भएका) मध्यबाट छनौट गरी कार्यक्रम स्वीकृत बजेट पहिलो वर्ष ७०:२०, दोस्रो वर्ष ५०:५० र तेस्रो वर्ष २५:७५ को अनुपातमा (अनुदानः कृषकले व्यहोर्ने प्रतिशत) अनुदानको हिसाबले कार्यक्रम सञ्चालन गरिनेछ  कार्यक्रम सञ्चालन गर्दा पकेट क्षेत्रका बगैंचा धनी कृषक, कृषक समूह, कृषि सहकारी संस्था आदिलाई सिफारिस प्याकेज पूरा प्रयोग गर्न चाहनेलाई मात्र सहभागी गराइनेछ ।
- समूह, सहकारी सदस्य प्रतिनिधिहरूको सहभागिता भएको ।
- क्षेत्र छनौट गर्दा बढी मात्रामा बगैंचा ह्रास भएका क्षेत्रको एउटा पकेट क्षेत्रमा प्याकेजको रूपमा कार्यक्रम सञ्चालन गर्दा पूर्व र पछिको प्रष्ट अवस्था झल्किने गरी फोटो राख्ने/प्रस्तुतिमा समावेश हुनुपर्ने ।

### २. गुणस्तरीय बिरुवा उत्पादन कार्यक्रम

- यो कार्यक्रमको लागि आवश्यक पर्ने गुणस्तरीय बिरुवा फर्म/केन्द्र र निजी नर्सरीहरूबाट उत्पादन गरी उपलब्ध गराइनेछ ।
- आवश्यक परेमा पूरानो निजी नर्सरीहरूलाई सुदृढीकरण र निजी नर्सरी समेत स्थापना गरिनेछ । स्वस्थ माउबोटबाट स्वस्थ बिरुवा उत्पादन गर्न प्रत्येक जिल्लामा एक सेटका दरले ११ सेट (प्रति सेटमा ३ गोटा जालीघर १ माउबोटका लागि १ रुटस्टकका लागि र अर्को १ कलमी वा बिजु बिरुवाका लागि) माउबोटको जाली घरमा १५ गोटा माउ बोट अट्ने गरी जालीघर निर्माण गरिनेछ ।

### ३. तालिम कार्यक्रम

- सुन्तला बगैंचा सुदृढीकरणका लागि स्थानीय स्तरमा सीपयुक्त स्थानीय स्रोत व्यक्ति उत्पादन गर्ने  तथा कृषकलाई दक्ष बनाउने उद्देश्यले कार्यक्रम सञ्चालन हुने प्रत्येक जिल्लाबाट ५ जनाको दरले जम्मा ५५ जना छनौट गरी दुई चरणमा  तालिम सञ्चालन गरिनेछ ।
- पहिलो पटक पौष/माघ र दोस्रो पटक बैशाख महिनामा छनौट गरिएको जिल्लाको पकेट क्षेत्रमा एक हप्ते तालिम संचलन हुनेछ ।
- सहभागी तालिम प्रशिक्षार्थिहरूलाई सिकेचर, प्रुनिङ्ग-स , चक्कु, लुपिङ्ग सिजर, मेजरिङ्ग टेप, तौल गर्ने मेसिन, बाल्टी, भर्याङ, म्याग्निफईङ लेन्स, मेजरिङ सिलिन्डर लगायतका बागवानी औजार उपकरणको एक सेट उपलब्ध गराइनेछ ।

## अनुसूची-८

## बगैंचा सुदृढीकरण कार्यक्रमबाट अपेक्षित प्रतिफल

- बड-उड सर्टिफिकेसन विधि अनुरूप स्वस्थ एवम् गुणस्तर बिरुवा उत्पादन गर्न निजी नर्सरीहरूमा जालीघर निर्माण भई स्वस्थ एवम् गुणस्तर बिरुवा उत्पादन गर्न सहयोग पुग्नेछ ।
- ह्रास भएका बगैंचा सुदृढीकरण भई उत्पादन तथा उत्पादकत्वमा सुधार हुनेछ ।
- सङ्क्रामक रोगहरू सर्ने तीव्रतामा कमी भई दिगो उत्पादनका लागि सहयोग पुग्नेछ ।
- बगैंचा व्यवस्थापन प्रविधि प्रयोगको लागि तालिममार्फत स्थानीय स्तरमा सीपयुक्त स्रोत व्यक्ति तयार भएका हुनेछन् ।
- कार्यक्रम सञ्चालनपश्चात पकेट प्रोफाइल प्रकाशन गरी बगैंचा सुदृढिकरण कार्यक्रम पूर्व र पश्चातको फोटो सहित अन्य खुल्ने विवरणका आधारमा कार्यक्रमको उपलब्धि मूल्याङ्कन गरिनेछ ।